REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs    Date: 01.09.2026

SPSC का नवनियुक्त अध्यक्ष मिलन कुमार सुब्बाले सिक्किमका राज्यपालसँग लोक भवनमा शिष्टाचार भेट गर्नुभयो

सिक्किम लोक सेवा आयोग (SPSC) का नवनियुक्त अध्यक्ष मिलन कुमार सुब्बाले आज राज्यपाल ओम प्रकाश माथुरसँग लोक भवनमा शिष्टाचार भेट गर्नुभयो।

आयोगको अध्यक्षको पदभार ग्रहण गरेपछि श्री सुब्बाको राज्यपालसँगको यो पहिलो भेट थियो। यस भेटमा नवनियुक्त अध्यक्षले आयोगको वर्तमान कार्यप्रणाली र आयोगले चालेका कदमहरूको बारेमा राज्यपाललाई जानकारी श्री माथर गराउनुभयो। श्री माथुरले अध्यक्षलाई यस पदको लागि बधाई दिंदै उनको सफल र फलदायी कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभएको छ।

पूर्व न्यायाधीश एमएम राईले आज सिक्किमका राज्यपाल सित भेट गरिन्

राज्य मानवाधिकार आयोगकी नवनियुक्त अध्यक्ष एवं पटना उच्च न्यायालयकी पूर्व मुख्य न्यायाधीश, जस्टिस मीनाक्षी मदन राईले आज लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो। हालै सिक्किम राज्य मानव अधिकार आयोगको अध्यक्षको पदभार ग्रहण गरेपछि श्री मानव माथुरसँग यो उहाँको पहिलो औपचारिक भेट थियो ! भेटघाटमा उहाँले

राज्यपाल माथुरलाई आयोगको कार्यप्रणाली, भविष्यका योजनाहरू र अधिकारको बारेमा जागरूकता जगाउन गरिएका प्रयासहरूको बारेमा विस्तृत रूपमा जानकारी दिनुभयो। राज्यपाल माथुरले जस्टिस राईको बृहत् न्यायिक अनुभव र नेतृत्वमा सिक्किम राज्य मानव अधिकार आयोगले नागरिकहरूको अधिकारको रक्षा गर्न पूर्ण ईमानदारीका साथ काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नागाल्याण्डको मुख्यमन्त्री स्वास्थ्य बीमा योजना (CMHIS) को समीक्षा गर्न सिक्किमको प्रतिनिधिमण्डल नागाल्याण्ड पुग्यो

नागाल्याण्डको मुख्यमन्त्री स्वास्थ्य बीमा योजना (CMHIS) को कार्यान्वयनको अध्ययन सिक्किमको एक प्रतिनिधिमण्डल हिजो कोहिमा पुगेको थियो। यसको नगदरहित उपचार प्रणाली, अस्पतालको पैनलमा शामेल हुने प्रक्रिया र प्रतिपूर्ति संयन्त्रमा अध्ययन केन्द्रित थियो। प्रतिनिधिमण्डलमा सिक्किमका मुख्यमन्त्रीका सचिव कर्मा एन. भुटिया, प्रमुख चिकित्सा अधिकारी डा. सुभाष तामाङ र अन्य वरिष्ठ स्तरका अधिकारीहरू समावेश छन् । प्रतिनिधिमण्डलले नागरिक सचिवालयमा नागाल्याण्ड विकास आयुक्त वाई. किखेतो सेमालाई भेटेको थियो। नागाल्याण्डको सूचना तथा जनसम्पर्क विभागका अनुसार, हाल देशभरका 70 भन्दा बढी अस्पतालहरू हाल दिल्ली, कोलकाता र गुवाहाटीका अस्पतालहरू लगायत CMHIS अन्तर्गतका प्यानलमा छन् ।

भारत सरकारको एमएसएमईले आज ताक्चाङ स्कूलमा मह प्रशोधन सम्बन्धी तालिम शुरु गर्यो

भारत सरकारको सूक्ष्म, साना तथा मझौला उद्यम मन्त्रालयको एमएसएमई कार्यसम्पादन बढाउने र गति बढाउने (RAMP) योजना अन्तर्गत मह प्रशोधन सम्बन्धी तालिमको उद्घाटन कार्यक्रम आज पाकिम स्थित ताकचाङ स्कूलमा आयोजना गरिएको थियो। पाकिमका स्रोत व्यक्ति दिलीप रुचालले मुख्यमन्त्री प्रेम सिंह तामाङको "एक परिवार, एक उद्यमी" को

दृष्टिकोणमाथि प्रकाश पार्दै प्रशिक्षार्थीहरूलाई तालिममा सक्रिय रूपमा भाग लिन र मौरीपालनको व्यावहारिक ज्ञान प्राप्त गर्न प्रोत्साहित गरे।

मास्टर ट्रेनर दल बहादुर राईले ताकचाङ स्कूलमा दस दिने तालिम कार्यक्रम सञ्चालन गर्नेछन्।

HVS विभाग र NABARD ले संयुक्त रूपमा पशुधन तथा कुखुरापालन व्यवस्थापन सम्बन्धी जागरूकता शिविर आयोजना गर्यो

सिक्किम सरकारको पशुपालन तथा पशु सेवा विभागको प्रशिक्षण एवं विस्तार प्रकोष्ठले राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक (NABARD) सँगको सहकार्यमा पूर्वी सिक्किमको लिंगडोकमा किसान र पशुधन मालिकहरूका लागि पशुधन तथा कुखुरापालन व्यवस्थापन सम्बन्धी जागरूकता शिविर सफलतापूर्वक आयोजना गर्यो।

जसको उद्देश्य वैज्ञानिक पशुधन व्यवस्थापन, रोगको रोकथाम, जैविक सुरक्षा, पशु पहिचान, सरकारी योजनाहरू, बीमा र पशुधन कुखुरापालनका लागि उपलब्ध वित्तीय सहायताको बारेमा किसानहरूलाई संवेदनशील बनाउनु थियो ।

जागरूकता शिविरले किसानहरू, पशु चिकित्सकहरू, बैंकिङ प्रतिनिधिहरू र विभागीय अधिकारीहरू बीच प्रत्यक्ष अन्तरक्रियाको लागि एक महत्त्वपूर्ण मंचको रूपमा काम गर्यो।

एसआईआर 2026 को सम्बन्धमा सिक्किमका राजनीतिक दलहरूसँग डीसी सोरेङले बैठक गरे

जिल्ला निर्वाचन अधिकारी-सह-जिल्लापाल, सोरेङ, धीरज सुवेदीले आज जिल्ला प्रशासनिक केन्द्र सोरेङमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक बोलाए, जसमा मतदाता नामावलीको विशेष गहन संशोधन (एसआईआर) सम्बन्धी विषयमा छलफल गरिएको थियो। बैठकमा सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम), भारतीय जनता पार्टी (बीजेपी) र सिक्किम डेमोक्रेटिक फ्रन्ट (एसडीएफ) का प्रतिनिधिहरू उपस्थित थिए। श्री सुवेदीले जानकारी दिए कि ईआरओ र एईआरओद्वारा मतदाता नामावलीबाट नाम अस्वीकृत भएका मतदाताहरूले अस्वीकृत भएको मितिबाट 15 दिन भित्र जिल्ला निर्वाचन अधिकारीसमक्ष पुनरावेदन दर्ता गर्न सक्छन्।